पुर्चौडी नगरसभाको १५ औं अधिवेशन

२०८१ साल असाढ १० गते, सोमबार

नगर प्रमुख **श्री दीपक बहादुर बम** ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१।०८२ को

# वार्षिक नीति तथा कार्यक्रम

पुर्चौडी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हाँट, बैतडी

सुदुरपश्चिम प्रदेश, नेपाल ।

**पुर्चौडी नगरपालिका**

**हाँट, बैतडी**

पुर्चौडी नगरपालिका

*(समृद्ध पुर्चौंडी नगर निर्माणको मुल आधारः सवलसक्षम दिगो शिक्षा, स्वास्थ्य, कृषि, प्रयटन र पुर्वाधार)*

***"समुन्नत, सफा तथा हरियाली नगर, पुर्चौंडी नगरवासीको रहर"***

पुर्चौंडी नगरपालिका, बैतडीका नगर उप प्रमुख ज्यू, सम्पुर्ण नगर सभा सदस्य ज्यूहरु, नगर सभाका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पुर्ण कर्मचारीहरु,

सर्वप्रथम स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ४ दफा १९ बमोजिम आयोजित यस पुर्चौंडी नगर सभाको १४ औँ अधिवेशनको गरिमामय सभामा यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दछु ।

- नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै खु शी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनमा जीवन बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात श हीदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न गर्दै मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानको कठिन परिस्थितीमा त्याग र नेतृत्व गर्नु हुने आदरणीय अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

- भौगोलिक हिसाबले पश्चिम नेपाल, सुदुरपश्चिम प्रदेश, बैतडी जिल्लाको उत्तर पूर्वी भागमा रहेको यस पुर्चौंडी नगरपालिकाको क्षेत्रफल १९८.७१ वर्ग कि मि रहेको छ । यस नगरपालिकाको पूर्वमा सिगास गाउँपालिका र बित्थडचिर गाउँपालिका, उत्तरमा बुङ्गल नगरपालिका, पश्चिममा डिलासैनी गाउँपालिका, दक्षिणमा दोगडाकेदार गाउँपालिका र डिलासैनी गाउँपालिका रहेका छन । नेपाल सरकारको मिति २०७३।११।२० को निर्णयानुसार साविकको हाँट, महादेवस्थान, न्वादेउ, भटना, कुवाकोट, भुमिराज, कोटिला, मल्लादेही, तल्लादेही र विजयपुर गरि १० वटा गा वि स हरुलाई समेटेर नगरपालिका घोषित भएको थियो । वि सं २०७८ को बाह्रौं राष्ट्रिय जनगणना अनुसार करिव ३८ हजार जनसङ्ख्या रहेको यस नगरपालिकामा हिन्दु धर्म मान्ने ब्राह्मण, क्षेत्री, ठकुरी, कामी, दमाई, सार्की जातीहरुको बसोवास रहेको छ । यस नगरपालिकामा उत्पादन हुने मुख्य खाद्यान्न बालीहरुमा धान, मकै, गहुँ, कोदो, जौं ईत्यादी रहेका छन भने मुख्य नगदे बालीहरुमा उखु, अलैंची, अल्लो, भाङ, रम्बाँस ईत्यादीहरु र बेमौसमी फलफुल तथा तरकारी उतपादन रहेको छ । नगरसवासीहरुले अवलम्वन गरेको प्रमुख पेशाहरुमा कृषि, व्यापार, नोकरी, होटल, यातायात ईत्यादी रहेका छन ।

- विगतका वर्षहरुमा विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड -१९ को संक्रमणतथा विभिन्न समय र स्थानहरुमा गएको भू-कम्प लगायतका प्राकृतिक विपदका कारण राष्ट्रिय अर्थतन्त्रमा नकरात्मक प्रभाव पारेको छ जसको कारण नेपाल जस्तो न्युन आय भएको मुलुकले ठुलो मात्रामा आर्थिक संकट सामना गर्नु परिरहेको छ, त्यसको प्रत्यक्ष असर आगामी आ व २०८१।०८२ को लागि संघ तथा प्रदेशबाट स्थानीय तहहरुमा हुने वित्तीय हस्तान्तरणमा कटौती र चालु आ व २०८०।०८१ मा निकासा हुनुपर्ने अनुदानहरु उल्लेखनिय मात्रामा भएको कटौतीबाट प्रष्ट हुन्छ ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

- स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित भएर आएपश्चात कार्यकालको दुई वर्ष व्यतित भईसकेको छ। हामी निर्वाचनको समयमा गरेको प्रतिवद्धता पुरा गर्ने कठिन परिक्षाको मोडमा छा आपसी सद्भाव, समन्वय र सहकार्यबाट मात्र हामीले सोचेको र जनताको अपेक्षा सम्बोधन हुन सक्दछ। सर्वोपरी विकासले मात्र पुर्चौडी नगरपालिकाको मुहार फेरिनेमा दुईमत नहोला, तसर्थ त्यसतर्फ हाम्रा पाईलाहरु अघि बढ्नु पर्नेमा जोड दिन चाहान्छु।

- विद्यमान सीमित साधनस्रोतको अधिकतम परिचालन गरि नगरवासीहरुको माग र आकाँक्षालाई सम्बोधन गर्दै जानुपर्ने विद्यमान अवस्था छ। वर्तमान सरकारको परिकल्पना "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा पुरा गर्न हामी दृढ अठोटका साथ अघि बढिरहेका छौँ। हाम्रा नीति तथा कार्यक्रम पनि सोहि तर्फ परिलक्षित रहेको छ।

- पुर्चौडी नगरपालिकाबाट जनतालाई प्रवाह गरिदै आएको सेवा प्रभावकारिता ल्याउन विषयगत शाखाहरु तथा कार्यालयहरुबीच भएको प्रभावग्राही समन्वय एवं सबै प्रकारका विकास कार्यक्रमहरुमा नागरिक समाज, सञ्चारजगत र नीजि क्षेत्रबाट हामीलाई प्राप्त भईरहेको सृजनात्मक सहयोग अतुलनिय रहेको छ। १५ औँ नगरसभा संचालनको क्रममा यो नीति तथा कार्यक्रम तर्जूमा गर्दा नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७८, संघीय सरकारको वजेट तथा कार्यक्रमहरुका साथै सुदुरपश्चिम प्रदेश सरकारको वजेट तथा कार्यक्रम र मार्गदर्शन, सोह्रौँ योजना, दीगो विकास तथा सहस्राब्दि विकासका लक्ष्यहरु, मध्यमकालिन खर्च संरचना,पुर्चौंडी नगरपालिकाको आवधिक योजना (२०८१-२०८५)ईत्यादीलाई पूर्णत: अवलम्वन गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ। यस नीति तथा कार्यक्रम निर्माणका लागि विषयगत समितीहरु, वडा समितीहरु, विभिन्न लक्षित समुहहरु, राजनीतिक दलहरु, विषयगत शाखाहरु, सरकारी तथा गैरसरकारी सँघ सँस्थाहरु, नागरिक समाज, सम्बन्धित क्षेत्रका विज्ञहरु लगायतबाट प्राप्त सुझावका लागि हार्दिक आभार व्यक्त गर्दछु।

- यस नगरसभाले तय गरेको आगामी आ व २०८१।०८२ को वार्षिक वजेट तथा कार्यक्रमले आगामी दिनमा नगरपालिकाको दीगो विकासको खाका निर्माण, स्थानीय रोजगारी र आयमुलक कार्यमा विपन्न र सिमान्तकृत समुदायको सहभागितामा नागरिकहरुमा सचेतना अभिवृद्धि गर्नुका साथै सँस्थागत व्यवस्थापन, स्थानीय अनुकुलन र वातावरण संरक्षण लगायतका क्षेत्रहरुमा सकरात्मक रुपान्तरण भई महिला, दलित, अपाङ्ग लगायतका पिछडिएको वर्ग तथा सिमान्तकृत समुदायको जीवनस्तरमा महसुस गर्न सकिने परिवर्तन हुने अपेक्षा लिइएको छ।

**सम्मानित सभाका सदस्य ज्यूहरु,**

आगामी आ व २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अघि चालु आ व को नीति तथा कार्यक्रमको समिक्षा सहित हालसम्म भएका मुख्य उपलब्धीहरु प्रस्तुत गर्न चाहान्छु।

- चालु आ व २०८०।०८१ मा यस पुर्चौडी नगरपालिकामा चालु आर्थिक वर्षमा संघीय सरकार वित्तीय समानिकरण अनुदान अन्तर्गत रु ११ करोड ५० लाख, संघीय राजश्व बाँडफाँट अन्तर्गत रु १२ करोड २८ लाख ५९ हजार, प्रदेश वित्तीय समानिकरण अन्तर्गत रु ९९ लाख ७८ हजार, प्रदेश राजश्व बाँडफाँट अन्तर्गत रु २७ लाख ५५ हजार, संघीय तथा प्रदेश सशर्त र विशेष अनुदान अन्तर्गत रु ३८ करोड ५४ लाख ११ हजार र नगरपालिकाको अनुमानित आन्तरिक आम्दानी रु ९४ लाख ७८ हजार गरि कुल रु ६४ करोड ५४ लाख ११ हजार को वजेट अनुमान पेश गरिएको थियो।
- चालु आर्थिक वर्षको उपरोक्त वजेट अनुमान बमोजिम विनियोजन ऐन जारी गरि सशर्त र विशेष अनुदान वाहेकको कुल वित्तीय हस्तान्तरण र नगरपालिकाको आन्तरिक स्रोत अनुमान वाफतको रु २६ करोड रकम मध्येबाट सबै क्षेत्र तथा उपक्षेत्रहरु समेटिने गरि क्षेत्रगत रुपमा सामाजिक विकास अन्तर्गत रु ८ करोड ५० लाख, आर्थिक विकास अन्तर्गत रु १ करोड, पूर्वाधार विकास अन्तर्गत रु ७ करोड, वन वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत रु ५० लाख र सँस्थागत विकास, सुशासन तथा सेवा प्रवाह अन्तर्गत रु ९ करोड विनियोजन गरिएको थियो।
- नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७८, संघीय सरकारको वजेट तथा कार्यक्रमहरुका साथै सुदुरपश्चिम प्रदेश सरकारको वजेट तथा कार्यक्रम र मार्गदर्शन, सोह्रौँ योजना, दीगो विकास तथा सहस्राब्दि विकासका लक्ष्यहरु, मध्यमकालिन खर्च संरचना ईत्यादीलाई पूर्णत: अवलम्वन गर्दै क्षेत्रगत रुपमा विनियोजित चालु आर्थिक वर्षका सबै योजना तथा कार्यक्रमहरुको विवरण र सोको क्षेत्रगत उपलब्धीहरु देहायानुसार प्रस्तुत गर्दछु।

१) **पूर्वाधार विकास अन्तर्गत,**

- नगर विद्युतीकरण अन्तर्गत नगरपालिकाका १ र २ मा पूर्ण रुपमा विद्युतिकरण भई ३, ४, ५, ६, ७ र ८ नं वडाका केहि टोलहरुमा नगरपालिकाको वजेटबाट विद्युत लाईन विस्तारको कार्य भएको छ भने बाँकी टोलहरु र ९ तथा १० नं वडाको लागि नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरि विद्युत विस्तारको लागि २६ करोड रुपैयाको ठेक्का आह्वान भई हाल कार्य संचालनमा रहेको।
- सडक विस्तार अन्तर्गत ढोल्यामोड हाँट सडक खण्डको करिव ५० प्रतिशत भाग कालोपत्र भईसकेको, ३० प्रतिशत भागमा पानी पिच भई रहेको र बाँकी भागमा सडक चौडा तथा ग्राभेल गर्ने कार्य भईरहेको छ।
- पुर्चौडीलाई दोगडाकेदार सँग जोड्ने रुजकोट-तल्लादेही-दोगडाकेदार सडकको स्तरोन्नतीको लागि ठेक्का आह्वान भई ३० प्रतिशत भागमा डबल कटिङ तथा ग्राभेलको कार्य सम्पन्न भईसकेको र बाँकी भागको लागि संघीय तथा प्रदेश सरकार समक्ष पनि साझेदारिताको लागि अनुरोध गरि क्रमागत रुपमा वजेट विनियोजन हुदै आईरहेको।

पुर्चौडी नगरपालिका

- जिल्लाकै सबैभन्दा ठुलो धौलकाँडा स्लेटखानीबाट उच्च स्तरको स्लेट उत्पादन तथा निकासी पैठारी कार्यको साथै पुर्चौडीलाई बझाङ जिल्ला बुङ्गल नगरपालिकासँग जोड्ने हाँट धौलकाँडा स्लेटखानी सडकको निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेको र सोही सडकको स्तरोन्नतीको लागि क्रमागत रुपमा संघीय तथा प्रदेश सरकारसँग साझेदारि गरिदै आईएको ।

- पुर्चौडीलाई डिलासैनी र अपर दार्चुला क्षेत्र सँग आवद्ध गर्न हाँट भैरु क्षेपट्टा सडक तथा न्वादेउ गैरागाउँ भाडिसैन मार्मा खण्डेश्वरी सडक निर्माणको लागि ठेक्का आह्वान भई पहिलो चरणको कार्य सम्पन्न भईसकेको र क्रमागत रुपमा संघीय तथा प्रदेश सरकारबाट वजेट माग गर्न प्रस्तावना पेश गरि स्वीकृत भईसकेको ।

- पुर्चौडीको मुटुमा रहेको खडिखेत दाडिमपाटा बसन्तपुर सडक खण्ड लाई चक्रपथको रुपमा विकास गर्न ट्र्याक खोल्ने कार्य सु सम्पन्न भईसकेको ।

- वडा कार्यालय सम्म सडक जोड्न बाँकी रहेका २ नं र ४ नं वडा कार्यालय सम्म सडक बाटो जोड्ने कार्य अन्तीम चरणमारहेको ।

- नगर गौरवको अपाङ्ग,ज्येष्ठ नागरिक तथा सेवाग्राही मैत्री प्रशासकीय भवन तथा कर्मचारी आवास भवनको निर्माण कार्य सम्पन्न भई हस्तान्तरण हुने चरणमा रहेको ।

- राष्ट्रपती शैक्षिक सुधार योजना अन्तर्गत १४ वटा विद्यालयहरुमा वजेट विनियोजन गर्न सफल रहि सो विद्यालयहरुमा अपाङ्गमैत्री २ कोठे तथा ४ कोठे भवनहरुको निर्माण कार्य सु सम्पन्न भईसकेको ।

- नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत वडा नं १ मा रहेको डिलेश्वरी मा वि को नमुना भवन तथा पर्खाल निर्माणको कार्य अन्तिम चरणमा रहेको विद्यालयललाई प्रविधिमैत्रि बनाउन कार्यक्रमहरु संचालनमा रहेका ।

- ३ नं वडामा वहुउद्देशीय विणेश्वर खेलमैदान निर्माणको कार्य सु सम्पन्न भईसकेको ।

- ऐतिहासिक तथा पर्यटकीय महत्वको डिलासैनी भगवती मन्दिरको निर्माण कार्य आगामी आ व मा सु सम्पन्न गर्ने गरि निर्माण कार्य भईरहेको ।

- नगरपालिकाका १० वटै वडाहरुमा रहेको विभिन्न १४ वटा धार्मिक स्थल तथा सार्वजनिक स्थलहरुमा सोलार बत्ती/**Street Light** जडान कार्य सु सम्पन्न भईसकेको ।

- विभिन्न वडाहरुका ४ वटा झोलुङ्गे पुलहरुको निर्माण कार्य सु सम्पन्न भईसकेको ।

- खडिखेत मोटरेबल पुलको निर्माण कार्य सु सम्पन्न भईसकेको ।

पुर्चौडी नगरपालिका

- ३ नं वडाको नाकाली चौखुट्टेमा नेपाल टेलिकमको टावर निर्माणको कार्य अगाडी बढिरहेको।

- वडा नं ५ मा रहेको वैकल्पिक उर्जा (सोलार प्यानल) जडान गरि संचालनमा रहेको नेपाल टेलिकमको **3G** टावरको क्षमता विकास गरि **4G** जडान गरिनुको साथै उक्त टावरमा राष्ट्रिय प्रसारण लाईन जडान गर्ने कार्य भईरहेको।

- १० वटै वडाका विभिन्न स्थानहरुमा विस्तार हुने सडकहरुको लागि डि पि आर तथा आई ई ई प्रतिवेदन तयार गरिएको।

२) **<u>सामाजिक विकास अन्तर्गत,</u>**

- विगत लामो समय देखि खानेपानी सुविधाको चरम अभाव रहेको बुदडा र गर्स्याँ टोलको लागि विनियोजित महादेव खानेपानी आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको।

- नगर महत्वको १५ शैयाको न्वादेउ नगर अस्पतालको निर्माण कार्य अन्तिम चरणमा रहेको साथै नगरपालिकाको लागतमा १ वटा स्वास्थ्य चौकी (विजयपुर) र २ वटा वर्थिङ सेन्टरहरु (न्वाला र रौनालीचौर) को निर्माण कार्य सु सम्पन्न भईसकेको।

- वैदेशिक सँस्था **KFW-IMCCR** परियोजनासँगको सहकार्यमा कोटिला र मल्लादेहीमा गरि २ वटा सुविधा सम्पन्न स्वास्थ्य चौकी भवनहरु निर्माणाधिन रहेको र आगामी आ व भित्र सु सम्पन्न गर्ने लक्ष्य रहेको।

- वर्थिङ सेन्टर सुदृढिकरण कार्यक्रम अन्तर्गत १० वटै वडाहरुका स्वास्थ्य सँस्था /इकाईहरुको मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी कार्यहरु सु सम्पन्न भईसकेको।

- नागरीकहरुको लागि निशुल्क औषधी आपुर्तीको कार्यलाई निरन्तरता दिनुका साथै ४ ओटा स्वास्थ्य संस्थाहरुबाट आकस्मिक स्वास्थ्य सेवा ,२४ घण्टे निःशुल्क सुरक्षित प्रशुती लगायत २४ सै घण्टा एम्बुलेन्स सेवालाई थप प्रभावकारी वनाई संचालनमा ल्याएको।

- नवशिशु मृत्युको ब्यापकता र कारक तत्व पत्ता लगाउन नवशिशु मृत्यु अनुसन्धानको कार्य सम्पन्न भै आधारभूत स्वास्थ्य सेवा सुदृढिकरणका लागि समुदाय स्तरमा घरदैलो स्वास्थ्य सेवा कार्यक्रमहरु संचालनमा भएको।

- स्वास्थ्य संस्थाहरुको सेवाको गुणस्तर सुधारका लागि न्यूनतम सेवा मापदण्ड **(HPMSS)** अनुसार अनुगमन फ्लो अपका आधारमा आवश्यकता पहिचान गरि अत्यवश्यकिय समाग्री ब्यवस्थापन गरिएको।

- पुचौंडी हाट स्वास्थ्य चौकीबाट चिकित्सकीय सेवा सुरु गरि एक्सरे ,अल्ट्रासाउण्ड तथा ईसिजि सेवाका लागि आवश्यक मेडिकल उपकरणहरु खरीद तथा जडान कार्य सम्पन्न भएको।

पुचौंडी नगरपालिका

- सबै आधारभुत तथा माध्यमिक विद्यालयहरुमा नि :शुल्कउच्च शिक्षाको व्यवस्था गरि नगर अनुदान शिक्षक तथा शिशु कक्षा संचालनमा रहेको ।

- विगतको कार्यकालमा संचालन हुन नसकेको नगर स्तरिय राष्ट्रपती रनिङ शिल्ड तथा अन्य खेलकुद कार्यक्रमहरु संचालन भएको र जिल्ला स्तरमा संचालित राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितामा जिल्ला भरिमा दोस्रो स्थान हासिल गर्नुका साथै अन्य विभिन्न खेलकुद कार्यक्रमहरुमा सहभागिता हुदै आएको

- न्युन आय स्तर भएका महिलाहरुका लागि सीपमुलक तालिम कार्यक्रमहरु संचालन गरिएको ।

- महिला सशक्तीकरण तथा बाल विवाह न्यूनिकरणका लागि वडा तथा नगर स्तरिय महिला संजाल तथा किशोरी संजाल गठन तथा परिचालनका लागि कार्यक्रमहरु संचालन गरिएको

- टुहुरा बालबालिकाको लागि शैक्षिक साहायता गर्न तथ्यांक संकलन कार्य भई यसै आ ब मा सहायता प्रदान गर्ने कार्य भएको ।

- हाल सम्म छुट हुन गएका नागरिकहरुलाई अपांगता बर्गिकरण तथा परिचयपत्र वितरण कार्य सम्पन्न भएको ।

- दलित लक्षित कार्यक्रमका लागि ब्यवशायमुलक अनुदान साहायताको लागि निश्चित मापदण्ड तयार गरि कार्यक्रम संचालनको फेजमा रहेको ।

- बालवालिका लक्षित नगर स्तरिय हाजिरि जवाफ तथा बालश्रम मुक्त अभियान कार्यक्रम संचालन गरिएको ।

- जेष्ठनागरिक मिलन/दिवा सेवा केन्द्र स्थापनाको थालनी भएको ।

३) **<u>आर्थिक विकास अन्तर्गत,</u>**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरि उद्यमशिलताको प्रवर्द्धन गर्न विभिन्न तालिमहरु संचालन गरिनुको साथै प्रथम नगर स्तरिय उद्यमि युवा सम्मेलन आयोजना गरिएको

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १ ० ओटै वडाका ९५ जनालाई १०० दिने रोजगारी प्रदान गरिएको ।

- नगरपालिकाका १० वटै वडाहरुमा १२ वटा साना सिचाई निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु सम्पन्न गरिएका ।

- १० वटै वडाहरुमा निशुल्क विउविजन मिनिकिट वितरण गरिएको साथै च्याउ खेती सम्बन्धी निशुल्क तालिम संचालन गरिएको ।

- १० वटै वडाहरुमा कृषि गणकहरु खटाई किसान सूचीकरणको कार्य सम्पन्न गरिएको र सोही आधारमा कृषक परिचय पत्र वितरण गर्ने तयारी गरिएको ।
- पशु स्वास्थ्य परिक्षण तथा कृतिक गर्भाधान कार्यको लागि पशु स्वास्थ्य ल्याव स्थापना गरिएको ।

४) **<u>वन वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत,</u>**

- नगरपालिकामा गठित विपद व्यवस्थापन समितीलाई थप जिम्मेवार र अधिकार सम्पन्न बनाईएको ।
- बसन्तपुर बजारको अव्यवस्थित फोहोरमैलाको व्यवस्थापनको लागि बजार क्षेत्रमा १२ थान डस्टविन वितरण गरिएको ।
- ढोल्यामोड बजारमा सार्वजनिक शौचालय निर्माण गरि संचालनमा रहेको
- नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्रलाई व्यवस्थित बनाउन ईजाजत जारी, नवीकरण, संसोधन तथा खारेजी सम्बन्धी कार्यविधीमा आवश्यक संसोधन गरि सापेक्ष बनाईएको ।
- विपद व्यवस्थापन कोषबाट २ नं वडा अन्तर्गत भैरुँ टोलमा पहिरोको कारण ज्यान गुमाएका महेश जागरीको परिवारलाई रु ३ लाख र ६ नं वडा भुमिराजका हत्या गरिएका बालकका परिवारलाई नगद रु १ लाख ५० हजार प्रदान गरिएको ।
- सबै वडाका विपद तथा दीर्घरोग पिडित विभिन्न ११ जना पिडितहरुलाई नगद तथा वस्तुगत आर्थिक सहायता प्रदान गरिएको ।
- जिल्ला सुरक्षा समिति बैतडीको सहकार्यमा ३ नं वडा अन्तर्गत धौनाखोली र ९ नं वडा तल्लादेहीमा गरि २ स्थानमा अस्थायी प्रहरी पोष्टहरु स्थापना गरि सेवा संचालनमा ल्याईएको ।
- आपतकालिन परिस्थितीको सामना गर्न विपद व्यवस्थापन सम्बन्धी आवश्यक सामग्रीहरु खरिद गरि भण्डारण गरिएको ।
- सबै वडाहरुमा आपतकालीन कार्य संचालन केन्द्र स्थापना गरि सम्बन्धित वडाका सचिव ज्यूहरुलाई विपद सम्पर्क व्यक्ति तोकि कार्य जिम्मेवारी प्रदान गरिएको ।

५) **<u>सुशासन तथा सँस्थागत क्षमता विकास अन्तर्गत,</u>**

- नगरपालिका भित्र नागरिकता प्रमाणपत्र सिफारिस, विपद पिडितलाई दिईने सिफारिस, सर्जमिन मुचुल्का, विपन्न वर्गलाई दिने सिफारिस, स्वास्थ्योपचार, छात्रवृती जस्ता वडाबाट नगरपालिकामा गरिने सिफारिस, नगरपालिकाबाट अन्य सरकारी निकायहरुलाई गरिने सिफारिस, योजना संचालनको सिफारिस तथा बैङ्क सिफारिस ईत्यादीमा कुनै शुल्क वा दस्तुर नलिईने कार्यलाई निरन्तर दिईएको ।

पुर्चौडी नगरपालिका

- बढी कार्यबोझ भएका तथा फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप भत्ता दिईने कार्यलाई आवश्यक कार्यविधि बनाएर निरन्तरता दिईएको ।

- कार्यालयमा गुनासो सुनुवाई कक्ष तथा सोधपुछ कक्ष (हेल्प डेस्क) स्थापना गरि अभिलेखिकरण,सहायता,परामर्ष तथा फस्र्यौट कार्यको थालनी गरिएको । थप विवरण लागि नागरिक सहायता अधिकारी तथा गुनासो सुनुवाई अधिकारी संग उपलब्ध हुनेछ ।

- मासिक रुपमा नगर कार्यपालिका बैठक ९ गते तथा मासिक रुपमा हरेक ८ गते वडा सचिवहरुको बैठक नियमित गरि मासिक कार्य सम्पादन विवरण पेश तथा छलफल गर्ने गरिएको ।

- खरिद समिती गठन गरि एकद्धार प्रणालीद्धारा सार्वजनिक खरिद सम्बन्धी कार्यहरु गर्ने गरिएको । नगरपालिकाबाट हुने सम्पुर्ण सार्वजनिक निर्माण तथा खरिद सम्बन्धी कार्यहरुलाई विद्युतीय माध्यमबाट बोलपत्र आह्वान (**E-Bidding**) गर्ने गरिएको ।

- सबै सरकारी कार्यालयहरुमा ई -हाजिरी जडान गरि कर्मचारी काज तथा सेवा प्रवाह व्यवस्थापनलाई मर्यादित एवं व्यवस्थित गर्ने कार्यको थालनी गरिएको ।

- सबै (१० वटै) वडा कार्यालयहरुमा पहिलेको भन्दा उच्च गतिको ईन्टरनेट सेवा विस्तार गर्ने गरि कार्य भईरहेको ।

- कार्यालयको वेभसाईट तथा फेसबुक पेजहरुबाट समय सापेक्ष सम्पुर्ण सूचनाहरु सार्वजनिक गर्ने गरिएको ।

- १० वटै वडाहरुमा गठित उपभोक्ता समितीहरुसँग योजना सम्झौता गर्न घुम्ती शिविर संचालन गरिएको साथै १० वटै वडाका सर्वपायक पर्ने स्थानहरुमा गई उपभोक्ता समितीहरुलाई योजना संचालनका प्रकृया सम्बन्धि अभिमुखिकरण तालिम संचालन गरिएको ।

- योजना अनुगमन समितीले विभिन्न चरणहरुमा योजनाको स्थलगत अनुगमन गरि प्रतिवेदन पेश गर्ने गरेको ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हरेक वर्ष गर्ने स्थानीय तह सँस्थागत क्षमता स्व-मूल्याङ्कन **(LISA)** मा ८५.५ **%** अङ्क (गत आ व को भन्दा ५**%** ले बढी) प्राप्त गरि जिल्लामा प्रथम स्थान र प्रदेशमा ९ औँ स्थान हासिल गर्दै १० लाख प्रोत्साहन रकम प्राप्त गरेको ।

- राष्ट्रिय योजना आयोगले हरेक वर्ष गर्ने स्थानीय तह कार्य सम्पादन मूल्याङ्कनमा जिल्ला स्तरमा प्रथम तथा प्रदेश स्तरमा १३औँ स्थान प्राप्त गर्न सफल भएको ।

- सिगास गाउँपाकलिका, सुर्नया गाउँपालिका र पुर्चौडी नगरपालिकाको बीचमा अवस्थित ढोल्यामोड चौराहको अस्थायी प्रहरी पोष्ट र पुरघाट प्रहरी चौकीको निगरानीमा रहने गरि सि सि टि भि क्यामेरा जडान गरि सडक सुरक्षालाई सुदृढ तुल्याईएको ।

- नगरवासीको सहजताको लागि ईलाका प्रशासन कार्यालयबाट प्रदान गरिने नागरिकता तथा राष्ट्रिय परिचय पत्र वितरण कार्यलाई अनलाईन माध्यमबाट सुचारू गर्न नेपाल टेलिकमको लिज लाईन ईन्टरनेट सेवा संचालन गरिएको ।

- ग्लोवल आई एम ई बैंकको सहकार्यमा १० ओटै वडाबाट सामाजिक सूरक्षा भत्ता वितरणको थालनी गरिएको ।

- गत आ व को अख्तियारी वजेट (चालु तथा पूँजीगत) खर्च प्रगतीमा जिल्लामै प्रथम स्थान लिन सफल भएको ।

- भुक्तानी प्रकृयालाई पारदर्शी र बैज्ञानिक बनाउन नगद भुक्तानीलाई पूर्णरुपमा बन्देज गरि विद्युतिय भुक्तानी प्रणाली **(EFT)** लाई मात्र अवलम्बन गरिएको ।

- स्थाई दरवन्दी पदपुर्ती तर्फ अधिकांश शाखा प्रमुख वडा सचिव सहित १९ जना नया पदपुर्ति भएका ।

- प्रत्येक वडामा मेलमिलाप कर्ता छनौट ४८ घण्टे आधारभुत तालीम प्रदान गरि प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापनाका लागि कानुनी आधार समेत तयार गरिएको ।

- चालु आ ब मा आन्तरिक श्रोत , राजश्व बाँडफाँड र वित्तिय समानिकरण तर्फका निकाशाहरु पूर्ण रुपमा नआएकाले कार्य सम्पन्न भएका मध्ये अधिकांस योजनाहरु फस्यौंट भई केहि योजनाहरुको मात्र दायित्व सर्ने देखिएको छ ।

- नगर ठुलो आर्थिक दायित्व बेहोरी रहेको स्वास्थ्य तथा शिक्षा तर्फका विद्यालय तथा बर्थिंग सेन्टर समायोजन,दरवन्दी मिलान तथा अन्य करार सेवा तर्फका कर्मचारी समेतको तलब समायोजनका लागि विज्ञ सहितको कार्यदल गठन गरि अनुगमन तथा अध्ययन समेतका आधारमा सुझाव संकलन कार्य सम्पन्न भएको ।

- कानुनी अडचन भएका विभिन्न विषयमा ऐन नियम कार्यविधि तथा मापदण्ड निर्माण तथा संशोधन गरि कार्यान्वयनमा ल्याएको ।

धैर्यताका साथ सहभागी भै सम्क्षीप्त बार्षिक प्रगती प्रतिवेदन सुनिदिनु भएकोमा हृदय देखि धन्यवाद आभार प्रकट गर्दै सरकार संचालन तथा कार्यक्रम कार्यान्वयनका क्रममा भएका कमी कमजोरी र तृटीहरुलाई सुधार गर्न अमुल्य प्रश्न सहितका सूझावहरुको अपेक्षा राख्द छौं ।

**सम्मानित सभाका सदस्य ज्युहरु,**

प्रतौली नगरपालिका

अब म आगामी आ व २०८१।०८२ का लागि पुर्चौडी नगरपालिकाले अवलम्बन गर्ने मुख्य मुख्य क्षेत्रगत नीतिहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

“समुन्नत, सफा तथा हरियाली नगर, पुर्चौडी नगरवासीको रहर ” लाई साकार पार्न प्रस्तुत नीति तथा कार्यक्रममा प्राथमिकताहरु देहाय बमोजिम हुनेछन ।

१) बहुवर्षीय र क्रमागत योजनाहरु, नगरका गौरवका योजनाहरु र अन्य आवश्यक पूर्वाधार निर्माणमा जोड दिईनेछ

२) शिक्षा, स्वास्थ्य तथा समावेशी विकासमा जोड दिईनेछ ।

३) कृषि, पशु, विकास, सहकारी, पर्यटन र उद्योग व्यापारको विकासमा जोड दिईनेछ ।

४) वातावरण संरक्षण, पर्यावरणीय प्रवर्द्धनमा जोड दिईनेछ ।

५) सुशासन र सँस्थागत विकासमा जोड दिईनेछ ।

**(क)<u>आर्थिक विकास क्षेत्र</u>:**

- परम्परागत रुपमा गर्दै आएको निर्वाहमुखी कृषि प्रणाली लाई व्यवसायीक बनाउदै औद्योगिक बालीको विस्तार गर्दै लगिनेछर कृषि उत्पादन वृद्धि गरि आयातलाई प्रतिस्थापन गरि निर्यात प्रबर्द्धनका लागी कृषि सम्वन्धी ज्ञान तथा सीप हासिल गरेका कृषि पेशामा रहेका संलग्न हुन चाहाने युवा तथा व्यवसायी हरुको लागी मागमा आधारित व्यवसायीक कृषि बिकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गर्न कृषि पकेट क्षेत्र निर्माण गरिने छ ।
- किसानको पहिचान स्थापित गर्नको लागि कृषक परिचय पत्र वितरणको कार्यक्रम सुरुवात गरिने छ ।
- "एक टोल एक करेसाबारी नमुना टोल को नीति अवलम्बन गर्दै अर्गानिक तरकारी उत्पादन गर्न नगरपालिका " भरिका कृषकहरुलाई मिनिकिट तथा टनेल बितरण र अन्य सीपमुलक तालिम प्रदान गर्ने नितिको थालनी गरिनेछ
- कृषकहरुको योगदान लाई सम्मान गदै कृषकको मनोवल उच्च राख्न तथा कृषकहरुलाई आकर्षण गर्न एंव कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्न कृषि तथा पशुपंक्षी बीमा कार्यक्रम संचालन गरिनुको साथै त्रैमासिक कृषि प्रदर्शनी मेला आयोजना गरि उत्कृष्ट कृषि उपज उत्पादक कृषकलाई मेयर कृषि सम्मान प्रदान गरिने व्यवस्था गरिनेछ ।
- नगरपालिकामा खेती भईरहेका रैथाने जातका बालीको पहिचान , संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन ,प्रयोग , उपभोग तथा बजारीकरणर ब्राण्डिङ गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

- “नगर सरकारको साथ कृषकलाई राहत ,” अभियानका साथ प्राकृतिक र गैर प्राकृतिक विपदबाट प्रभावित-किसानहरुलाइ राहत उपलब्ध गराउने र पुनस्थापना गर्ने व्यवस्था मिलाइने छ। साथै दर्तावाल कृषक समुह तथा कृषि फर्महरुलाई बिउपूँजी अनुदान उपलब्ध गर्ने कार्यको थालनी गरिनेछ।
- मलको समस्यालाई न्युनिकरण गर्न किसानलाई जैविक खेती तथा जैविक मल बनाउन प्रोत्साहन गरिने छ र , रसायनिक मल आवश्यक हुने स्थानहरुमा समयमै न्युन मूल्यदर मा सहज तवरले (कैलाली जिल्लाको दररेट) उपलब्ध गराइने छ।
- कृषिमा जलवायु परिवर्तन को असरलाई न्युनुकरण गर्न समानुकुल कृषि प्रणालीको विकास र प्रबन्धन गर्न जलवायुमैत्री प्रविधी प्लास्टिक , प्लास्टिक घर , थोपा सिचाई)पोखरी सहित ( आकाशे पानीको संकलन , “जलवायु मैत्रि कृषि नमुना गाउ कार्यक्रम” सन्चालनमा ल्याइने छ।
- नगरपालिका क्षेत्रमा रहेको सार्वजनिक वा नीजि स्वामित्वको बाँझो जमिनलाई अधिकतम उपयोगमा ल्याई कृषिजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्न “एक घर एक फलफूल कार्यक्रम” लाई अगाडि बढाईनेछ।
- “भरिलो भकारी अभियान सञ्चालन गर्दै विभिन्न वालीहरुको उत्पादन बढाउन कृषि " कृषिमा सहकारी - सहकारी, कृषक समुह र कृषि फर्महरुसँगको साझेदारीमा नगरपालिका भरिका कृषकहरुलाई उन्नत जातको बीउ बिजन वितरण गर्न सिजन अनुसार ७५सम्म अनुदान प्रदान गर्न % े नीति लिईनेछ।
- नगरपालिका भरी कृषि यान्त्रिकरणलाई प्राथमिकता दिईनेछ।
- कृषि बालीमा लाग्ने रोग नियन्त्रण गर्न किरा व्यवस्थापन आई एम कृषक पाठशाला संन्चालनमा ल्याइनेछ।.पि.
- कृषकहरुलाई क्षमता अभिबृदि र प्राबिधिक सेवा र जनचेतनामुलक कार्यक्रमको लागी आवश्यक प्रबन्ध मिलाइने छ।
- गत चालु आ व मा संचालन गरिएको साना सिचाई मर्मत तथा प्रवन्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ
- पशुपंक्षीजन्यरोग र माहामारी खोप नियन्त्रणको लागी आवश्यक बजेट व्यवस्थापन गर्नुका साथै पशुपंक्षी ल्याव लाई व्यवस्थित गरिने छ।
- व्यवसायिक बाख्रा ,भैंसी तथा गाई कुखुरा फर्म व्यवस्थित गर्नुका साथै प्रोत्साहन गरिने छ।
- नगरपालिकामा उत्पादित दुधको प्रशोधन विविधिकरण गरी बजार प्रबन्धन गर्ने कार्यलाई प्रोत्साहन गर्न डेरी उद्योगहरु संचालनमा अनुदान प्रदान गरिनेछ।
- पशुपंक्षीहरुको नश्ल सुधारका निम्ति प्राकृतिक तथा कृतिम गर्भाधान कार्यको थालनी गरिने छ।
- पशुपंक्षी रोगको पहिचान वटै वडाहरुमा एकिकृत घुम्ती पशुपंक्षी स्वास्थ्य १० निदान तथा उपचारका लागी , परिक्षण शिबिर संचालनको थालनी गरिनेछ।
- पशुपंक्षी उत्पादन लागत कम गर्नको लागी बाँझो जमिन तथा भिरपाखाहरुमा उन्नत तथा व्यवसायिक घास खेति कार्यक्रम लाइ सुचारु गरिनेछ।

- कृषि सहकारी कृषक समुह तथा कृषकहरुसँगको लागत साझेदारीमा चिसो पानीमा हुने विभिन्न प्रजातीका , माछापालन कार्यक्रम संचालनको सम्भावना हेरी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कृषकहरुलाई मासु तथा अण्डामा आत्मनिर्भर बनाउनका लागी व्यवसायिक रुपमा बोयर प्रजातीको बाख्रा तथा लेयर प्रजातीको कुखुरा पालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पुर्चौडी नगर क्षेत्र भित्रका घर पालुवा तथा छाडा छोडिएका सबै कुकुरहरुमा रेबिज बिरुद्धको खोप लगाउनुका साथै स्थायी बन्ध्याकरण गर्ने कार्य सञ्चालन गरिनेछ ।
- पशु चौपायाहरुमा देखिएको लम्पी स्किन डिजिज जस्ता महामारीहरुको निवारण गर्न आवश्यक आर्थिक तथा प्राविधिक व्यवस्थापन गरि प्रभावित क्षेत्रका किसानहरुलाई आवश्यक राहातको व्यवस्था गरिनेछ ।
- किसानहरुलाई पशुपालन व्यवसाय तर्फ आकर्षित गर्न सुत्केरी भैसी नगद प्रोत्साहन कार्यक्रम संचालन गरि भैंसिपालक कृषकहरुलाई सम्मान गरिनेछ ।

- १० वटै वडाहरुमा उत्पादन हुने सबै प्रकारका कृषि उपजहरु (खाद्यान्न, दलहन, तेलहन, साग, तरकारी , फलफुल ईत्यादी) एवं पशुपंक्षीजन्य उत्पादन (घिउ, मह, दुध, दही, मही, अण्डा ईत्यादी) हरुको सुरक्षित बजारिकरणको लागि कृषि संकलन केन्द्र स्थापना गरि चिस्यान घर स्थापनाको लागि पहल गरिनेछ ।
- नगरपालिकाको कृषि उत्पादनलाई प्रोत्साहन गर्ननगर स्तरिय कृषि प्रदर्शनी मेला आयोजना गरिनुको साथै तथा प्रत्येक महिनाको १५ गते सबै वडाहरुबाट पायक पर्ने १ नं वडामा हाँट बजार मेला संचालन गरिनेछ ।
- १० वटै वडाहरुका कृषि तथा पशुजन्य उत्पादनहरुको बजारिकरणमा सहज पहुँच गर्न एवं कृषि मलखाद, बिउबिजन,विषादी तथा औषधीहरुको कृषक सम्मको पहुँच सहज बनाउन कृषि एम्बुलेन्स सेवा संचालन गरिनेछ
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि नगरपालिकाका १० वटै वडाहरुमा रहेका धार्मिक, ऐतिहासिक, पुरातात्विक स्थलहरुको अभिलेखन गरि डिजिटल प्रोफाईल निर्माण गरि पुर्चौडी क्षेत्रको कला, सँस्कृती, भेषभुषा, रहनसहन, ईतिहास झल्किने गरि पुर्चौडी पुरातात्विक सङ्ग्रहालय स्थापना गरिनेछ।
- नगरपालिका भरिका परम्परागत उपचार पद्धतीमा रहेका आयुर्वेदिक वैद्यहरुको पहिचान तथा सूचिकरण गरि वैद्य सम्मेलन एवं वैद्य सेवाको प्रभाकारिता सम्बन्धी अभिमुखिकरण र प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय सीप प्रवर्द्धनतथा थप दक्षताको लागि नगरवासीहरुमा भएका विद्यमान सीपहरुको सूचीकरण गरिनेछ ।
- चालु आ व मा आयोजना गरिएको प्रथम उद्यमी युवा सम्मेलनबाट युवा उद्यमीहरुले पेश गरेका अपेक्षाहरुलाई मध्येनजर गर्दै स्थानीय सिपर पुजिँको समुचित परिचालनको लागीबास ,निगाला खेति प्रोत्साहनका साथै लघु उद्यम प्रवर्द्धनकार्यक्रम अन्तर्गत हातेहोजियारी , सिलाई कटाई , खेलौना तयारी,ब्युटीपार्लर, सिन्के धुप उत्पादन,

पोते बुनाई, सैलुन, पंक्षी तथा मत्स्य पालन, अटो सप /ग्यारेज संचालन (मेकानिकल), ड्राईभिङ, प्लम्ब रिङ, हाउस वायरिङ, सिकर्मी तथा डकर्मी तालिम, होटल संचालन तथा तयारी खाना खाजा तयारी सम्बन्धी अनुदान तथा सीपमुलक तालिम संचालनका कार्यक्रमहरु संचालन गरिनेछन ।

- नगरपालिकामा हाल परम्परागत रुपमा संचालनमा रहेका छाला जुत्ता उद्योग, आरन, चोयो डोको, जस्ता व्यवसायहरुलाई आधुनिक र प्रविधी मैत्री बनाईनेछ, र स्थानीय स्तरमा उपलब्ध हुने रिठा, भाङ, अल्लो, रम्बाँस ईत्यादीको प्रशोधन गर्ने प्रविधीको विस्तार गरिनेछ ।

- नगरपासीहरुमा उद्यमशिलता प्रवर्द्धन मार्फत व्यवसायिक बनाई प्रत्येक वर्ष उत्कृष्ट कृषक तथा उत्कृष्ट उद्यमी छनौट गरि प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।

- नगरपालिका भित्र संचालित उद्योग, व्यापारिक फर्म तथा पसलहरु व्यवस्थित तवरले संचालन गर्न नगर स्तरिय उद्योग वाणिज्य संघ गठन गर्न जोड दिईनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनौट भएका श्रमिकहरुको सुरक्षाको लागि आवश्यक सामग्रीहरु उपलब्ध गरिनेछ भने वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई विदेश जानु पूर्व श्रम स्वीकृती सम्बन्धी अभिमुखिकरण संचालन गर्ने कार्यको थालनी गरिनेछ ।

- नगरपालिकामा रहेका स्लेटखानी, फलामखानी ईत्यादी जस्ता विभिन्न खानीहरुको उत्खनन कार्य गर्न आवश्यक प्राविधिक तथा वजेटगत व्यवस्थाको लागि पहल गरिनेछ ।

- उद्योग वाणिज्य संघ तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरि स्थानीय व्यापारको प्रवर्द्धन तथा प्रत्येक महिनाको १५ गते हाँट बजार मेलाको सुरुवात गरि सोको व्यवस्थापनको उचित प्रबन्ध गरिनेछ । व्यवसायिक फर्महरुको दर्ता, अनुमती र नवीकरण जस्ता कार्यहरुलाई आधुनिकीकरण गरिनेछ ।

(ख) **सामाजिक विकासः**

- यस नगरपालिका भित्रका सम्पुर्ण वालवालिकाहरुको गुणस्तरिय शिक्षामा पहुच सुनिश्चित गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधारलाई थप सुदृढ बनाईने छ ।
- विद्यालयहरुमा डिजिटल प्रविधिको विकास र विस्तारलाई प्राथमिकता दिईने छ ।
- विद्यार्थीहरुको प्रतिभा पहिचान कार्यक्रम संचालन गरि विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन तथा प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गरिने छ ।
- शिक्षकहरुको बृद्धि विकास ,शिक्षणका नविनतम विधि ,प्रविधि र नेतृत्व क्षमता विकासको लागी तालिमहरु संचालन गरिने छ ।
- विद्यालयहरुमा खेलकुदलाई स्वास्थ्य तथा पठापाठनको अभिन्न अङ्गको रुपमा विकास गरिनेछ ।

- राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता संचालन गरि विद्यार्थीहरुलाई जिल्ला , प्रदेश र राष्ट्रिय स्तरका प्रतियोगितामा सहभागिताको सुनिश्चतता गरिने छ।
- शौक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाईने छ।
- स्थानिय विषयको पाठ्यपूस्तक निर्माण गरि विद्यालयहरुलाई उपलब्ध गरिने छ।
- विद्यालयहरुमा योग शिक्षाको सुरुवात गरिने छ।
- विद्यालयहरुको नगर शिक्षक, वालविकास र कक्षा ११ र १२ मा निःशुल्क शिक्षाको कार्यक्रमलाई थप संशोधन गरि निरन्तरता दिईने छ।
- मानव संशाधन विकासको मुख्य आधार नै शैक्षिक गुणस्तर भएको हुदा पुर्चौडी नगर शिक्षा योजनाको प्रभावकारी रुपा कार्यान्वयन गर्दै लगिनेछ .
- आजको सुचना र संञ्चार प्रविधिको युगमा पनि ईन्टरनेटको पहुँच बाट टाढा रही समय सापेक्षित शैक्षिकगुणस्तर हासिल गर्न नसकेको परिस्थिति लाई मध्यनजर गर्दै सवै विद्यालय हरुमा इन्टरनेटको पहुचँ विस्तार गरिनेछ।
- प्राविधिक सीप विकास गरि स्वरोजगारी सृजना गर्न प्राविधिक धारका विद्यालयहरु संचालनमा जोड दिईनेछ।
- यस नगरपालिकाबाट देश भित्र एम्विविएस अध्ययनको लागि जेहेन्दार तथा विपन्न परिवारका छात्रछात्राहरु मध्ये १ जनाको लागि मापदण्ड बनाई एमविविएस छात्रवृती प्रदान गरिने कार्यको थालनी गरिनेछ।
- पुर्चौडी बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड तयार गरि शैक्षिक अनुदान उपलब्ध गरिनेछ।
- प्रत्येक माध्यमिक विद्यालयहरुमा स्टरेचर सहित प्राथमिक उपचार कीट बक्स वितरण गर्नुका साथै स्काउट र जुनियर रेडक्रस गठन तथा परिचालन गरिनेछ।
- एसईई मा उत्कृष्ठ नतिजा ल्याउने १ जना छात्र र छात्रालाई नगर शिक्षा पुरुष्कारको व्यवस्था गरिने छ
- नगर स्तरिय खेलकुद प्रतियोगिताहरु संचालन गरिने छ।
- कार्य सम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ठ विद्यालयलाई सम्मान गरिने छ।
- आम पुर्चौडी बासिलाई निशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गरिनेछ।
- परम्परागत स्वास्थ्य उपचार पद्यतीलाई समयानुकूल बैज्ञानिक सुदृढ तथा परिमार्जन गर्दै प्रविधिमैत्रि स्वास्थ्य सेवा प्रणालीमा आबद्य गरिनेछ।
- नागरिकको आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्दै आकस्मिक स्वास्थ्य सेवाको निरन्तरता तथा विस्तार गरिनेछ ।

पुर्चौडी नगरपालिका

- नसर्ने रोगको बढदो प्रकोप दरलाई मध्यनजर गर्दै नसर्ने रोग रोकथाम तथा नियन्त्रणका लागि आवश्यक प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

- सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुले स्वास्थ्य सेवा र समाजमा पुर्याएको योगदानको उच्च सम्मान गर्दै सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन कार्यक्रमलाई थप परिस्कृत गर्दै निरन्तरता गरिनेछ ।

- मातृ तथा नवशिशु आकस्मिक प्रेषण कोषलाई निरन्तरता प्रदान गरिनेछ ।

- मातृ तथा नवशिशु स्वास्थ्य सेवाको गुणस्तर कायम गर्न बर्थिंङ सेन्टरहरुको सेवा सुदृढीकरण र समायोजनका लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

- स्रोतमा परिरहेको दबाव र सेवाको कार्यबोझलाई मध्यनजर गर्दै आवश्यकता र औचित्य नभएका करार जनशक्ति पदपूर्ति कटौती गरि स्वास्थ्य तर्फका करारमा कार्यरत प्राविधिक र अप्राविधिक कर्मचारीहरुको तलब समायोजन गरिनेछ ।

- पुर्चौडी हाट स्वास्थ्य चौकी मार्फत चिकित्सक सहितको विशिष्टकृत उपचारात्मक स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

- वृहत स्वास्थ्य शिविर संचालन गरि आम नागरिकलाई निशुल्क विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गरिनेछ

- आयुर्बेद स्वास्थ्य सेवाको पँहुच र उपभोग बढाउन आवश्यक स्रोतको परिचालन तथा ब्यवस्थापन गरिनेछ ।

- आखा उपचार केन्द्रको सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाइनेछ ।

- स्वास्थ्य चौकीहरुमा हाल संचालित प्रयोगशाला (ल्याव)हरुको सेवालाई सुदृढिकरण गरि आवश्यकताको आधारमा अन्य स्वास्थ्य सँस्थाहरुमा समेत ल्याव सेवा विस्तार गरिनेछ ।

- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै साझेदारि कार्यक्रमहरु संचालन गरिनेछन ।

- निरन्तर औषधि सेवन गरिरहेका जेष्ठनागरिक तथा दीर्ध रोगी हरुका लागीहरुको औषधीउपचार सहायता प्रदान गरिने छ । साथै नगरपालिकाका सम्पुर्ण कर्मचारी तथा जनप्रतिनिधीहरुका लागि स्वास्थ्य बीमा कार्यक्रम अनिवार्य लागु गरिनेछ ।

- नगरपालिका भरिका १० वटै वडाहरुमा रहेका वर्थिंङ सेन्टर तथा स्वास्थ्य सेवा ईकाइहरुबाट प्रवाह हुने स्वास्थ्य सेवालाई सेवाग्राहीमैत्री र गुणस्तरिय बनाउन वजेटगत तथा जनशक्तिगत सम्बन्धित निकायहरुसँग आवश्यक सहकार्य गरि सँस्थागत सुदृढिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

- खानेपानी सुविधा नपुगेका वस्ती तथा टोलहरुमा आधारभुत स्तरको खानेपानी सेवा उपलब्ध गराउन ग्रामिण जलस्रोत परियोजना र युनिसेफ लगायतका अन्य दातृ निकायहरुसँगको साझेदारीमा खानेपानी तथा सरसफाई सम्वन्धी कार्यक्रम लाई निरन्तरता दिईनेछ।

- अधिकतम नागरिकहरु जमघट हुने सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय , धारा एवं प्रतिक्षालयहरु बनाउने प्रयत्न गरिनेछ ।

- असहाय तथा  अनाथटुहुरा  बालबालिकाहरुको  लागि शैक्षिक साहायताको  व्यवस्था गरिनेछ। र हिँसा पिडित असहाय महिलाहरुका लागि  आयआर्जनका क्रियाकलापमा  संलग्न गराउन उचित तालिम प्रदान गर्ने कार्यको लागी सुरक्षित महिला उद्यमी घर निर्माण गरिने छ।

- बालबालिकासँग सम्बन्धित विद्यमान समस्याहरुको सम्बोधन हुने गरि प्रत्येक वडामा वडा स्तरिय बाल संजाल पुनर्गठन तथा परिचालन गरिनेछ ।  बालश्रम मुक्त पालिका घोषणा अभियानका लागि चरणवद्ध कृयाकलापहरु संचाला गरिनेछन ।

- किशोरी संजालको सवलिकरण तथा सुदृढिकरण गरिनेछ ।

- महिला सशक्तिकरणको लागि विविध क्रियाकलाहरुका साथ महिला हिँसा विरुद्धको १६ दिने अभियान संचालन गरिनेछ ।

- अपाङ्ग, दलित तथा विपन्न महिलाहरुका लागि आयमा आधारित सिप विकासका कार्यक्रमहरु साहायता समाग्री तथा ब्यावसायिक अनुदान कार्यक्रम संचालन गरिनेछन ।

- बालबालिकामा लागुऔषध दुर्व्यसन नियन्त्रण गर्न लागुऔषध निरुत्साहन सम्बन्धी अभिमुखिकरण संचालन गरिनुको साथै औषधालयहरुको अनुगमन गरि अनाधिकृत रुपमा खरिद विक्रि भईरहेका नशाजन्य पदार्थहरुमा पूर्ण बन्देज लगाईनेछ ।

- महिलाहरुको उधमशिलता प्रवर्द्धनका लागी ब्युटी पार्लर , हातेहोजियारी, सिलाई कटाई सम्वन्धी तालिम संचालन गरिने छ ।

- बालबालिकाहरुलाई सम्भावित विपदबाट जोगाउन तथा समुदाय स्तरमा बालबालिका लक्षित जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ र पूर्वाधार संचनाको निर्माण गर्दा बालमैत्री बनाउन जोड दिईनेछ । साथै प्रत्येक विद्यालयहरुमा नियमित रुपमा विद्यार्थी तथा शिक्षकहरुको स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिकामा सबैको पहुँच हुने गरि सार्वजनिक पुस्तकालय तथा वाचानालय स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

- ज्येष्ठ नागरिक र अपाङ्ग नागरिकहरुमाथी हुने हिँसा र दुर्व्यवहार हटाई सहज र सम्मानजनक जीवनयापनको वातावरण निर्माण गर्न निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन गरिनुको साथै ज्येष्ठ नागरिक दिवस मनाउने कार्यको थालनी गरिनेछ ।

- १ नं वडामा स्थापना गरिएको ज्येष्ठ नागरिक मिलन केन्द्रलाई निरन्तरता दिई सुदृढीकरण गरिनेछ ।

- स्थानीय तहका पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाउदै सेवा प्रवाहमा पहुँच पुर्याईनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता परिचय पत्र वितरण कार्यको लागि प्रत्येक वडाहरुमा स्वास्थ्य परिक्षण शिविर संचालन गरिनेछ ।
- युवा वर्गको खेलकुद प्रतिको आकर्षणलाई मध्येनजर गरि युवा प्रतिभाको विकास गर्न खेलकुद पूर्वाधार विकास गर्न एक वडा एक खेलमैदान नीति अवलम्वन गरिनेछ ।
- नगरपालिकाको सबैलाई पायक पर्ने स्थानमा व्यायामशाला तथा योग केन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- नगर क्षेत्र भित्र खेलिने विभिन्न किसिमकम  परम्परागत स्थानीय खेलकुदहरुको प्रवर्द्धनका लागि विद्यालय तथा स्थानीय खेलकुद क्लवहरुसँगको साझेदारिता तथा समन्वयमा खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछन।
- आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु संचालन गर्दा गैर सरकारी सँस्था तथा सामुदायिक सँघसँस्थाहरुसँग समन्वय एवं सहकार्य गरिनेछ।
- नगरपालिका भित्र कार्यक्रम तथा योजना संचालन गर्न चाहने गैरसरकारी सँस्थाहरुले नगरपालिकाबाट पूर्व स्वीकृती लिनु पर्ने व्यवस्थालाई थप पृथक बनाईनेछ। सँस्थाहरुको कार्यको निमयन, अनुगमन र मूल्याङ्कन गर्ने पद्धतीलाई सँस्थागत गरिनेछ।
- वेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरि रोजगार सूचना व्यवस्थापन प्रणालीमा वेरोजगारहरुको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ।नगर भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरि सोको सूचना प्रवाह गरिनेछ।
- आन्तरिक रोजगारी पर्वद्धन दक्ष जनशक्ति तथा सिपयुक्त जनशक्ति उत्पादन,सुरक्षित,मर्यादित तथा नियमित वैदेशिक रोजगारीका अवसर जस्ता पक्षहरुको समुचित विकास गर्न यस पुर्चौडी नगरपालिकाले "पाँचवर्षे रोजागर रणनिति २०८०" बनाई लागु गरिनेछ।
- न्युनतम रोजगारीको प्रत्याभुति हुनेगरी प्रधानमन्त्री रोजगार कार्यक्रम अझ प्रभावकारी रुपमा अघि बढाउन सामुदायिक योजानहरुमा पालिकाको लागत साँझेदारी गरिनेछ,वडा तहमा समेत लागत साझेदारी गरि रोजगारीको प्रर्वद्धन गरि भौतिक पुर्वाधारको विकास गरिनेछ ।
- स्थानियस्तरमा रोजगारीको सृजना तथा प्रर्वद्धनको लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गर्ने निति ल्याईने छ।
- न्युनतम युवा लक्षित व्यावसायलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईनेछ, जसमा नविनतम व्यवसाय गर्ने युवाहरुलाई कार्यविधि बनाई नवपर्वद्धनकारी व्यावसाय प्रस्तावका आधारमा प्राविधिक तथा आर्थिक सहयोग प्रदान  गर्ने कार्यक्रम ल्याईनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको प्राप्त गरेको ज्ञान,सिप र प्रविधि समेटिएको व्यवस्थित  वडा गत तथ्याङ्कको अभिलेखिकरण गरिनेछ ।

- श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका आवेदनलाई सरल ,शुलव तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुद्दढिकरण गरिनुका साथै वैदेशिक रोजगारको अवसर प्राप्त गर्न सहजिकरण गर्न व्यवस्था मिलाईने छ ।
- विद्यमान एकल पुरुष (बिदुर) भत्ता सम्बन्धी कार्यविधीमा आवश्यक संसोधन गरि नगरपालिका भरिका एकल पुरुष (बिदुर) हरुको तथ्याङ्क संकलन गर्दैएकल पुरुष भत्ता वितरण गरिनेछ ।

(ग)**पूर्वाधार विकास :**

- गत आ व देखि अभियानको रुपमा थालनी गरिएको उज्यालो पुर्चौडी बनाउने कार्यको निरन्तरताको लागि नेपाल वद्युत प्राधिकरणको राष्ट्रिय बिधुत प्रशारण लाइन संग जोडनको लागि आवश्यसहजिकरण गरिनेछ र आवश्यक आर्थिक प्राविधिक सहयोगको लागि स्थानीय विद्युत सहकारीहरुसँग साझेदारी गरिनेछ, र आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको लागि स्थानीय विद्युत सहकारीहरुसँग साझेदारी गरिनेछ।
- सडक विकासको मेरुदण्ड भएकोले केन्द्र देखि १० वटै वडा कार्यालय जोड्ने शाखा सडकहरुलाई स्तरोन्नती गरि बाह्रै महिना संचालन गरिनेछन ।
- यस नगरपालिका अन्तर्गत संचालित झो पु तथा मोटरेबल पुलहरुको निर्माणको लागि पहल गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- १० वटै वडाहरुका छरिएर रहेका वस्तीहरुको लागि आवश्यकता र उपयुक्तताको आधारमा विभिन्न खानेपानी योजना, सिचाई नहर, पक्की तथा कच्ची बाटो, कल्भर्ट,मठ मन्दिर, घेरपर्खाल, तटबन्ध, विद्यालय भवन, शौचालय, पार्क ईत्यादी निर्माण तथा मर्मत सम्बन्धी कार्यहरुलाई निरन्तरता दिईनेछ।
- नगर क्षेत्र भित्र संचालन हुने सार्वजनिक यातायातको रुट तथा भाडादर निर्धारण गरि नियमन गरिनेछ ।
- सार्वजनिक यातायातलाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन जोड दिईनेछ ।
- वर्षादका कारण अवरुद्व हुने सडक लाई सुचारु गरि यातायात संचालन गर्न सडक मर्मत गरि यातायात सुचारु गरिने छ ।
- आगामी आ व बाट नगरपालिकाबाट प्रवाह हुने सेवामा नागरिकको सहजता र सरलताको लागि नव निर्मित प्रशासकीय भवनमा अपुग संरचनाहरु निर्माणको कार्यलाई निरन्तरता दिईनेछ ।
- घरवार विहिन नागरिक हरुको घर निर्माणको लागी नागरिक आवास कार्यक्रम तथा सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिनेछ।
- टोल सुधार समितिको गठन पुनर्गठन तथा अधिकार सम्पन्न गरिने नीति अवलम्बन गरिने छ ।
- भैगोलिक दुरीका हिसाबले जिल्ला मालपोत र नापी कार्यालय निकै टाढा रहेकाले नगरवासी नागरिकहरुले खेप्नु परेका समस्याहरुलाई मध्येनजर गर्दै यस नगरपालिकामा मालपोत र नापी शाखा स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

(घ) **वन, वातावरण तथा विपद व्यवस्थापन:**

- नगरपालिका भित्र कृषि, वन, बाटो, बस्ती क्षेत्र, उच्च जोखिम क्षेत्र पहिचान गर्नको लागि भूमी बर्गिकरण गर्ने व्यवस्था मिलाईने छ।
- भूमिहिन दलित , सुकुम्वासी तथा अव्यवस्थित बसोवास गरेका नागरिकहरुलाई संघ , प्रदेश र यस नगरपालिकाको सहकार्यमा जग्गाको व्यवस्था मिलाउन पहल गरिने छ।
- ढुंगागिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- स्थानीय जनता, सामुदायिक बन उपभोक्ता सामितिको सहभागितामा नर्सरी स्थापना , खाली स्थानमा फलफुल तथा औषधीय गुण भएका बिरुवा वृक्षारोपण तथा सदावहार घासखेतीको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- बिपद् जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको स्थानान्तरण , विपद् पुर्वतयारी , खोज तथा उद्दार राहत सामाग्रीको पुर्व भण्डारण, वितरण र समन्वय गरिने छ।
- नगरपालिकाको क्षेत्र भित्र रहेको सार्वजनिक जग्गा (वन क्षेत्र वाहेक) मा निर्मित भवन तथा अन्य संरचनाहरुमा वहाल बिटौरि कर निर्धारण गरि लागु गरिनेछ।
- माहामारी, विपद ईत्यादीका कारण सिर्जित आपतकालिन परिस्थितिको सामना गर्न प्रकोष व्यवस्थापन कोष स्थापना तथा आर्थिक सहायता स्थापना गरि परिचालन गरिनेछ र पिडितलाई सो कोषबाट यथाशिघ्र राहात उपलब्ध हुने व्यवस्था गरिनेछ।
- वन क्षेत्रको संरक्षण तथा संवर्द्धनको लागि नगरपालिका क्षेत्रमा रहेका वनहरुलाई सामुदायिक वनमा रुपान्तरण गरि दर्ता गर्ने र उपभोक्ता समिती मार्फत सामयिक वृक्षारोपण गर्ने नीति लिईनेछ।
- ढुंगा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- वन डिभिजन कार्यालयकोसँगको साझेदारी तथा स्थानीय जनता रसामुदायिक बन उपभोक्ता समितीको सहभागितामा अनुकुल स्थानहरुमा नर्सरीहरु स्थापना गर्नुका साथैखाली स्थानहरुमा फलफुल तथा औषधीय गुण भएका बिरुवाहरु वृक्षारोपण तथा सदावहार घासखेतीको विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- नयाँ सडक ट्रयाकहरु खोलिएका स्थानहरु एवं अन्य बिपद् जोखिम क्षेत्रहरुमा थप जोखिम न्युनिकरणका लागि वृक्षारोपण कार्यको थालनी गर्नुको साथै सो क्षेत्रहरुको नक्सांकन तथा वस्तीहरुको स्थानान्तरण , विपद् पुर्वतयारी, खोज तथा उद्दार राहत सामाग्रीको पुर्व भण्डारण, वितरण र समन्वय गरिने छ।

- वडा स्तरमा समेत विपद व्यवस्थापन समितीको गठन गरि समुदायमा आधारित विपद जोखिम न्युनिकरण र व्यवस्थापनका कार्यहरु संचालन गरिनेछ र विपद व्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रम सोसाईटी, उद्योग वाणिज्य सँघ लगायत यस क्षेत्रमा क्रियाशिल सामाजिक सँघ सँसथाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडी बढाईने छ ।
- नगर तथा वडा स्तरमा गठित आपतकालीन कार्य संचालन केन्द्र तथा विपद व्यवस्थापन कार्यमा संलग्न स्वयमसेवकहरु, कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- नगर स्तरमा विपद व्यवस्थापन तथा आर्थिक सहायता परिचालन कोष स्थापना गरि सो कोषबाट पिडितलाई यथाशिघ्र नगद तथा सामग्री राहात उपलब्ध गराउन आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।
- नगरपालिकाका १० वटै वडाहरुमा रहेका स्थानीय बजारहरुमा उत्सर्जन हुने फोहोरमैला, ढल तथा अन्य विकारयुक्त वस्तुहरुको व्यवस्थापन गर्न डम्पिङ साईट तय गरि स्थानीयवासीलाई सचेतना जगाउने कार्य गरिनेछ ।

**(ङ)सुशासन तथा सँस्थागत विकास:**

- नगरपालिका भित्र हुने आर्थिक तथा प्रशासनिक गतिविधीहरुमा एकरुपता तथा वित्तीय पारदर्शिता कायम गर्न विद्यमान आर्थिक कार्यविधीहरुको पूर्ण परिपालना गरिनेछ ।
- वित्तीय जोखिम न्युनिकरणका लागि कार्ययोजना बनाई नगरपालिकाको आम्दानी तथा खर्चको विवरण सामयिक रुपमा सार्वजनिक गरि सोको विवरण कार्यालयको वेभसाईटमा समेत सुरक्षित राखिनेछ ।
- आन्तरिक राजश्व अभिवृद्धिका लागि घर वहाल कर , व्यवसाय कर, बहाल विटौरी करका साथै अन्य क्षेत्रको करको दायरा बढाउनका लागि कर सचेतना तथा कर अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गरि कर संकलनको लागि **Mobile Team** परिचलन गरिनेछ ।
- नगरपालिकाका १० वटै वडाहरु कार्यालयहरुमा अनलाईन मार्फत राजश्व संकलनका लागि राजश्व व्यवस्थापन प्रणाली (**RMIS**)जडानका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- विद्युतीय सरकारको अवधारणा अनुरुप सेवा प्रवाहलाई प्रविधीमैत्री एवं अनलाईन तथा सफ्टवेयरमा आधारित बनाउन विद्यमान जनशक्तिलाई **ICT** सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको १० वटै वडाहरु हालसम्मको विकास तथा उपलब्धीहरु र आगामी दिनहरुको भिजनलाई सदैव स्मरणीय बनाई राख्नको लागि गुणस्तरिय क्यामरा , ड्रोन क्यामेरा, क्यामरा पर्सन तथा स्क्रिप्ट र निर्देशनको उत्कृष्ट संयोजन गरि यस नगरपालिकाको एउटा डकुमेन्ट्री तयार गरिनेछ ।

- नगरपालिकाको नव निर्मित प्रशासकीय भवनमा **CCTV,** डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र **LED Board,** बैठक तथा सेमिनारका लागि स्मार्ट बोर्ड र सभाहलमा **Conference Microphone System** लगायतको प्रविधीमैत्री सामग्रीहरु जडान गरिनेछन।

- नगरपालिका अधिकार क्षेत्र भित्रका सबै सरकारी कार्यालय एवं सँस्थाहरुमा उच्च गतिको ब्रोडब्याण्ड ईन्टरनेटको पहुँच क्रमागत रुपमा विस्तारको लागि पहल गरिनेछ।

- स्थानीय पत्रपत्रिका तथा एफ एम रेडियो संचालनलाई प्रोत्साहन गरिनेछ।

- कार्यालयका नियमित कामकारवाहीमा सरोकारवाला सबैको सहज एवं शुलभ पहुँच सुनिश्चितता गरि पारदर्शिता कायम गर्न कार्यालयको सेवा प्रवाह, कार्य विवरण अभिलेखन, सम्प्रेषण कार्यको लागि कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद कार्य अगाडी बढाईनेछ।

- नगरपालिका भित्रका सबै वडा कार्यालय तथा सेवा केन्द्रहरुमा स्वीकृत दरबन्दी तेरिज अनुसार कर्मचारी पदपूर्ति गरिनेछ।

- नगरपालिका अन्तर्गत विभिन्न शाखाहरु एवं सेवा केन्द्रहरुमा विभिन्न श्रेणी, तह एवं पदहरुमा कार्यरत कर्मचारीको विद्यमान असमान तलबमानमा सुधार गरि श्रेणी, तह, पद र जिम्मेवारीको आधारमा एकरुपता कायम गरिनेछ।

- कर्मचारिको उत्कृष्ट कार्यसम्पादनको आधारमा एक जना कर्मचारी लाई वर्षभरिमा छनौट गरि आकर्षक पुरुस्कार सहित सम्मान गरिनेछ।

- कार्यबोझ बढी भई बिदाको दिन त था कार्यालय समय बाहिर समेत नियमित कार्यालयको काममा खटिनु पर्नेकर्मचारीहरु तथा फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।

- कर्मचारी तथा जनप्रतिनीधीहरुको क्षमता विकासका लागि विभिन्न तालिम , गोष्ठि, रिफ्रेसमेन्ट, राष्ट्रिय तथा अन्तराष्ट्रिय भ्रमण तथा उच्च शिक्षा अध्ययनको व्यवस्था गर्ने नीति लिईनेछ।

- सूचक सहितको नतिजामा आधारित अनुगमन मूल्याङ्कन प्रणालीलाई सँस्थागत बनाई दण्ड र पुरस्कारको व्यवस्था गर्ने प्रणालीको विकास गरिनेछ।

- विद्यमान ई -हाजिरी प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने आवश्यक संयन्त्रहरुको अवलम्वन गरिनेछ

- नगरपालिकाको वार्षिक खरिद योजना निर्माण तथा स्वीकृत गरि सोही बमोजिम एकद्धार माध्यमबाट सार्वजनिक खरिदका कार्यहरु गरिनेछन।

पुर्वैची नगरपालिका

- उपभोक्ता समिती मार्फत संचालित आयोजनाहरुमा भ्याट बिल अनिवार्य गरिनेछ र सार्वजनिक निर्माणका कार्यहरुमा हुने अनिवार्य जनसहभागिताको हिस्सा २० **%** बाट घटाएर १५**%** कायम गरिनेछ।

- नगरपालिका भरि निर्माण हुने भवन तथा घरहरुको सम्बन्धमा नगरपालिकाको भवन निर्माण आचारसंहिता बमोजिम घरनक्सा पास, विद्यमान घर तथा भवन अभिलेखनको कार्य थालनी गरिनेछ।

- नगरपालिकालाई आवश्यक पर्ने कार्यालय उपकरण, स्टेशनरी तथा मेसिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिईनेछ साथै फर्निचर फिक्चर्सको सम्बन्धी सामग्रीहरुको खरिद कार्यमा स्थानीय उत्पादनलाई प्राथमिकता दिईनेछ।

- नगरपालिकाबाट कार्यान्वयन हुने ठुलो वजेट का योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्युनिकरणका लागि सार्वजनिक निर्माण तथा खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक बनाउन विद्यमान विद्युतीय खरिद प्रणाली ( **E-Bidding**)लाई निरन्तरता दिईनेछ।

- सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन नगरपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरि सबै आयोजना र कार्यक्रमहरुको सार्वजनिक परिक्षण गरिनेछ।

- उपभोक्ताहरुको सहजताको लागि सम्बन्धित वडा कार्यालयहरुबाटै योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्ने गरि विगत देखि सुरुवात गरिएको योजना तथा कार्यक्रम सम्झौता शिविर र भुक्तानी शिविरलाई निरन्तरता दिईनेछ।

- आन्तरिक लेखा परिक्षण पद्धतिलाई प्रभावकारी बनाई शुन्य बेरुजु कायम गर्न प्रविधीगत एवं जनशक्तिगत व्यवस्थापन गर्दैहाल सम्मको कायम बेरुजु फछर्यौट कार्यको लागि अभियान संचालन गरिनेछ।

- कार्यालयको वेभसाईटलाई नियमित रुपमा अद्यावधिक गरि नगरपालिकाको विद्यमान वस्तु स्थिती, प्रवाह हुने सेवाको किसिम,गुणस्तर, प्रकिया, लागत, समयावधी ईत्यादी सम्बन्धी सूचनाहरु प्रवाह गरि आम नागरिकहरुलाई सुचित गर्ने प्रयास गरिनेछ।

- सेवा प्रवाहमा सहजता एवं शिघ्रताको लागिनगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवाहरु सम्बन्धी फारामहरु अनलाईन मार्फत उपलब्ध गराईनेछ र सेवा प्रवाहको क्रममा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय तथा गर्भवती महिलाहरु प्राथमिकता दिईनेछ।

- गुनासो सुनुवाई अधिकृत (नोडल अधिकृत) दक्ष र अधिकार सम्पन्न बनाई अनलाईन प्रणाली मार्फत गुनासो दर्ता र सोको फछर्यौट सम्बन्धी जानकारी दिने व्यवस्थाको क्रमश**:** विकास गरिनेछ।

- आन्तरिक राजश्वको दायरालाई थप विस्तार गराई नगरपालिकालाई समृद्ध बनाउन आन्तरकि आयका स्रोतहरुको सम्भाव्यता अध्ययन, राजश्वका दायरा विस्तार, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण

तथा गै स स को स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार संघीय सरकारका निकायहरु एवं अन्य विकास साझेदारहरुसँग परामर्श, समन्वय र साझेदारी गरि राजश्व परामर्श समिती मार्फत आन्तरिक आय तथा राजश्व संकलनका क्षेत्रहरु पहिचान र कार्यान्वयन गरि वित्तीय अनुशासन कायम गर्ने र राजश्व संकलन तथा त्यसको परिचालन न्यायोचित, प्रविधीमैत्री तथा मितव्ययी बनाउने नीति अवलम्बन गरिनेछ।

- नगरपालिकाको बजार अनुगमन निर्देशिका बमोजिम नियमित रुपमा स्थानीय बजारहरुको अनुगमन गर्दै नगर भित्र संचालित व्यापार, उद्योग तथा अन्य व्यवसायहरुको दर्ता, नवीकरण र मूल्य सूची कायम गर्ने प्रणाली स्थापित गर्दै सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याईनेछ।

- नगरपालिकामा विद्यमान सामुदायिकक वन उपभोक्ता समित मार्फत संकलित आम्दानीको १० % ले हुन आउने रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने व्यवस्था मिलाईनेछ।

- नगरपालिकाको आवधिक योजना र वार्षिक वजेट बीच तादाम्यता मिलाई मध्यमकालीन खर्च संरचना तयार गरि लागु गरिनेछ।

- न्यायिक समितीका कामलाई प्रभावकारी बनाउन सबै वडाहरुमा मेलमिलाप केन्द्र व्यवस्थापन गरि मेलमिलापकर्ताहरुलाई **Advance** क्षमता विकास तालिम संचालन गरिनेछ र न्यायिक समितीको उत्कृष्ट अभ्यास भएको अन्य स्थानीय तहहरुमा अवलोकन भ्रमण गर्ने कार्यको थालनी गरिनेछ।

- सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी कार्यलाई प्रभावकारी एवं जनमैत्री बनाउन व्यक्तिगत घटना दर्ता सप्ताह मनाउनुका साथै तथ्याङ्कहरु आवधिक रुपमा नवीकरण /सँसोधन गर्न **Finger Print Machine** को व्यवस्था गरि सो सम्बन्धी १० वटै वडाहरुका पञ्जिकारधिकारीहरुलाई अभिमुखिकरण प्रदान गर्ने कार्यको थालनी गरिनेछ।

- नगरपालिकाबाट नियमित रुपमा सम्पादन हुने कार्यहरुको आवधिक रुपमा वडा तथा नगर स्तरमा छुट्टाछुट्टै सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण एवं सार्वजनिक परिक्षण गर्नुका साथै सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने कार्यको थालनी गरिनेछ।

- स्थानीय सरकारको एकल अधिकार सूची र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्रका विषयहरुमा सम्पादन गर्नुपर्ने कार्यहरु सम्बन्धमा विद्यमान कानुन,ऐन, नियमावली, कर्यविधी, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन ईत्यादीको अविलम्ब कार्यान्वयन गर्ने र अन्य आवश्यक कानुनहरु एवं कार्यविधीहरु तयार गरि लागु गरिनेछ।

**सम्मानितसभाका सदस्य ज्यूहरु,**

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयनबाट पुर्चौडीवासीको आर्थिक सामाजिक अवस्थामा परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, रोजगारी सृजना, राजश्व संकलनमा उल्लेखनिय वृद्धि हुनुका साथै भौतिक निर्माण र सेवा प्रवाहमा सुधार भई सुशासनको अनुभुती हुने विश्वास लिएको छु, र पुर्चौडी नगरपालिकाले अघि

सारेको प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै क्षेत्र, तह र निकायबाट सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा, यो नीति तथा कार्यक्रम तर्जुमामा महत्वपुर्ण सहयोग गर्नु हुने आदरणीय नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जूमा समितीका सदस्यज्यूहरु, विषयगत समितीका संयोजक तथा सदस्य ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरपालिकाका विभिन्न शाखाका प्रमुख एवं कर्मचारीहरु, पत्रकारबन्धुहरु लगायत अमुल्य सुझाव सल्लाह दिनु हुने सम्पुर्ण नगरवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहान्छु ।

धन्यवाद **!**

दिपक बहादुर बम

नगर प्रमुख

*ई सं २०८१ साल असार १० गते रोज ३ शुभम् ।*

पुर्चौडी नगरपालिका